प्रदेश सरकार
लुम्बिनी प्रदेश
# प्रदेश योजना आयोग
मुकामः बुटवल, नेपाल

☎: ०७१-५३२१६८
☎: ०७१-५४०१६८

पत्र संख्याः ०७८/७९
चलानी नं. : ४४५

मितिः २०७९/०२/०५

श्री मन्त्रालय (सबै)
श्री आयोग/प्रतिष्ठान/प्राधिकरण (सबै)

विषयः मार्गदर्शन पठाइएको सम्बन्धमा।

नेपालको संविधानको धारा २०७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा २ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा १५ अनुसार असार १ गते प्रदेशको आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने ब्यवस्था बमोजिम आ.व. २०७९/२०८० को बार्षिक बजेट प्रस्ताव गर्दा तहाँबाट परिपालना गर्नुपर्ने मार्गदर्शनका बारेमा आयोगको मिति २०७९/०२/०३ को निर्णयबाट पारित गरिएको **बजेट तर्जुमा मार्गदर्शन-२०७९** आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

नि. प्रशासकीय प्रमुख
(सुमन पौडेल)
नि. प्रशासकीय प्रमुख

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकाम: बुटवल

## आ.व.२०७९/२०८० का लागि बजेट तर्जुमा मार्गदर्शन

नेपालको संविधानको धारा २०७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा २ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा १५ अनुसार असार १ गते प्रदेशको आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था बमोजिम आ. व. २०७९/ २०८० को बार्षिक वजेट प्रस्ताव गर्दा प्राथमिकता दिनुपर्ने विषयहरुलाई **बजेट तर्जुमा मार्गदर्शन- २०७९** रुपमा तयार गरी तपसिल बमोजिमका मार्गदर्शनहरुको परिपालना गर्नुहुनेछ भन्ने बिश्वाशका साथ तहाँ पठाईएको छ ।

१. **नेपालको संवैधानिक व्यवस्था :** नेपालको संविधान २०७२ ले सार्वजनिक, निजी र सहकारि क्षेत्रको सहभागितामा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील वनाउने उद्देश्य लिएको छ। नागरिकको मर्यादित जीवन यापनको सुनिश्चितताका लागि ३१ वटा नागरिक अधिकारहरुलाई मौलिक अधिकारका रुपमा आत्मसात गरेको छ। त्यसै गरि संविधान जारि भएको मितिले तीन वर्ष भित्रमा आवश्यक कानून, ऐन, नियम निर्माण गरि मौलिक अधिकारको कार्यान्वयनको सुनिश्चितता गर्न निर्देशन गरेको छ।

२. लुम्विनी प्रदेशले निर्माण गरेको प्रथम आवधिक योजना (आ.ब. २०७६/२०७७देखि आ.ब २०८०/२०८१) ले योजना अवधिको लागि कुल गार्हस्थ उत्पादन र आर्थिक बृद्धिदर निम्नानुसार प्रक्षेपण गरेको छ ।

### क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ उत्पादन

(आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा)

(रु अर्वमा)

| क.स. | क्षेत्रहरु | आधारवर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | औषत वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | १३३.३ | १४०.८ | १४९.१ | १५८.४ | १६९.१ | १८०.६ | ६.३ |
| १.१ | कृषि तथा वन | १३०.१ | १३७.२ | १४५.२ | १५४.२ | १६४.४ | १७५.४ | ६.२ |
| १.२ | मत्स्यपालन | ३.२ | ३.५ | ३.९ | ४.३ | ४.७ | ५.२ | १०.२ |
| २ | गैरकृषि | २९७.७ | ३२६.५ | ३६०.१ | ३९९.३ | ४४५.३ | ४९८.५ | १०.८ |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकामः बुटवल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.१ | उद्योग | ७५.७ | ८६.० | ९८.४ | ११३.३ | १३१.४ | १५३.० | १४.७ |
| २.१.२ | खानी तथा भूगर्भ | ३.० | ३.३ | ३.७ | ४.२ | ४.७ | ५.४ | १२.७ |
| २.१.३ | उद्योग | २७.८ | ३२.१ | ३७.४ | ४३.८ | ५१.५ | ६०.७ | १६.९ |
| २.१.४ | विद्युत,ग्यास तथा पानी | ३.२ | ३.४ | ३.७ | ४.१ | ४.५ | ५.० | ९.३ |
| २.१.५ | निर्माण | ४१.७ | ४७.१ | ५३.५ | ६१.२ | ७०.७ | ८१.९ | १४.५ |
| २.२ | सेवा | २२२.० | २४०.५ | २६१.७ | २८६.० | ३१३.८ | ३४५.५ | ९.७ |
| २.२ | थोक तथा खुद्रा व्यापार | ४४.८ | ४९.५ | ५४.८ | ६०.९ | ६७.९ | ७६.० | ११.२ |
| २.२.२ | होटल तथा रेष्टुरा | ७.५ | ८.३ | ९.४ | १०.६ | १२.१ | १३.९ | १३.२ |
| २.२.३ | यातायात,भण्डारण र सन्चार | ३०.४ | ३३.३ | ३६.६ | ४०.४ | ४४.६ | ४९.५ | १०.२ |
| २.२.४ | वित्तिय मध्यस्थता | १९.१ | २०.९ | २२.८ | २५.१ | २७.६ | ३०.५ | ९.८ |
| २.२.५ | घरजग्गा,वहाल तथा व्यापारिक क्रियाकलाप | २९.५ | ३१.५ | ३३.९ | ३६.८ | ४०.३ | ४४.३ | ८.५ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १३.९ | १५.१ | १६.५ | १८.० | १९.४ | २०.८ | ८.३ |
| २.२.७ | शिक्षा | ३८.१ | ४०.६ | ४३.४ | ४६.७ | ५०.४ | ५४.५ | ७.४ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १०.५ | ११.२ | १२.१ | १३.० | १४.१ | १५.४ | ८.० |
| २.२.९ | अन्य सामूदायिक,सामाजिक तथा व्यक्तिगत सेवा | २८.२ | ३०.१ | ३२.३ | ३४.७ | ३७.४ | ४०.६ | ७.६ |
| २.२.१० | कुल मूल्य अभिवृद्धि (FISIM समेत) | ४३१.० | ४६७.३ | ५०९.२ | ५५७.८ | ६१४.३ | ६७९.१ | ९.३ |
| | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रुपमा | १२.७ | १३.८ | १५.० | १६.३ | १७.७ | १९.३ | ३.९ |
| | कुल गार्हस्थ उत्पादन (आधारभुत मूल्यमा) | ४१८.३ | ४५३.५ | ४९४.२ | ५४१.५ | ५९६.७ | ६५९.९ | ९.५ |
| | खुद वस्तु तथा सेवा उत्पादन कर | ३४.५ | ३७.३ | ४०.९ | ४४.९ | ४९.३ | ५४.२ | ९.४ |
| | कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) | ४५२.८ | ४९०.८ | ५३५.१ | ५८६.४ | ६४६.० | ७१४.१ | ९.५ |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकामः बुटवल

३. नेपाल सरकारले निर्माण गरेको पन्ध्रौं आवधिक योजना (आ.ब. २०७६/२०७७ देखि आ.ब २०८०/२०८१) ले तय गरेका लक्ष्य एवम उद्देश्यहरु ।

४. प्रदेश सरकारको प्रदेश सरकारका नीति तथा कार्यक्रम र चालु आ.ब.२०७८/०७९ को वार्षिक बजेटले लिएका लक्ष्य र उद्देश्य । साथै प्रदेश योजना आयोगबाट बहुबर्षिय आयोजनाको रुपमा सिफारिस गरिएका आयोजनाहरु र क्रमागत आयोजनाहरु ।

५.चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आ.व.२०७८/०७९-आ.व.२०८०/८१) मा समावेश भएका आयोजनाहरु ।

६.वर्तमान सरकारमा सहभागि राजनैतिक दलहरुका साझा अवधारणहरु ।

७.प्रदेश योजना आयोगको संयोजनमा विभिन्न समयमा आयोजित प्रदेश स्तरिय समस्या समाधान समिति (PDAC) को बैठकका निर्णयहरु, प्रि- बजेट छलफलमा मन्त्रालयहरुले व्यक्त गरेका प्रतिवद्धताहरु तथा यस आयोगबाट बिभिन्न समयमा भएका निर्देशनहरु ।

८. प्रदेश योजना आयोगले प्रादेशिक नीतिको सान्दर्भिकता, नीति तथा योजनाको बिकास लागि चालु आ.ब. मा बिभिन्न बिधामा विशेषज्ञहरु मार्फत शोध तथा अध्ययन अनुसन्धान कार्य गराएको प्रतिवेदन र सुझावहरु ।

९. कोभिड-१९ र अन्य दैवी प्रकोपले अर्थतन्त्रमा पारेको प्रभाव ।

राष्ट्रिय खर्चको सीमा र स्रोत अनुमान गर्दा आगामी तीन वर्षको राष्ट्रिय आर्थिक वृद्धिदर आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा क्रमशः ६.५ प्रतिशत,६.९ प्रतिशत र ७.१ प्रतिशत हासिल हुने लक्ष्य लिएको छ । साथै लुम्बिनी प्रदेशको आ.ब. २०७८/७९ को आर्थिक बृद्धिदर ३.९ प्रतिशत रहेको छ ।यसैगरी मुद्रास्फीती पहिलो वर्ष ७ प्रतिशत दोस्रो र तेस्रो वर्ष ६. ५ प्रतिशतको सीमाभीत्र रहने अनुमान रहेको छ। ( रा.यो.आ.)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकाम: बुटवल

समस्टिमा, प्रदेश मन्त्रालयहरुले आगामी आ.ब.को बार्षिक बजेट निर्माण गर्दा निम्न क्षेत्रमा विशेष ध्यान दिन जरुरी हुन्छ।

- संविधान जारी भएको ९ वर्ष हुदाँसम्म संविधानले आत्मसात गरेका कैयन विषयहरु सम्वोधन हुन नसक्दा संविधान र व्यवस्था प्रति असन्तुष्टि प्रकट हुनसक्ने तथ्यलाई दृष्टिगत गर्दै संविधानले निर्दिष्ट गरेका नागरिकका मौलिक अधिकारको प्राप्तिको आधार बलियो बनाउने गरी नेपालको संविधान २०७२ को अनुसूची ६को व्यवस्था अनुसारका कार्य सम्पादन गर्ने गराउने खालका योजना तथा कार्यक्रमहरु प्रताव गर्नुहुनेछ ।
- संघ, प्रदेश र स्थानीय सरकारहरुकावीचको सम्वधलाई अझै सौहार्दपूर्ण वनाउन जरुरी छ। विशेष गरि सुचनाको आदान प्रदान, स्रोतको बाडफाँड, योजनाहरुको दोहोरो पन रोक्न, विकास निर्माणका कामहरुलाई गुणस्तरिय, कम खर्चिलो वातावरण मैत्रि योजना तथा कार्यक्रमहरु प्रताव गर्नुहुनेछ ।
- आवधिक योजनाले तय गरेका आर्थिक समाजिक रुपान्तरणको लक्ष्यलाई प्राप्त गर्न विशेष गरी गरिबी न्यूनीकरण गर्ने, आर्थिक असमानताको दुरी घटाउने, , उत्पादन र उत्पादकत्व बढाई व्यापार घाटा कम गर्ने, रोजगारी सिर्जना गर्ने, सामाजिक न्यायको क्षेत्रमा लगानि वढाउने जस्ता लक्ष्यहरुको प्रप्तिलाई ध्यानमा राखेर वार्षिक वजेट निर्माण गर्न प्राथमिकता दिनुहुनेछ।
- चालु खर्च कमगरी पुंजीगत खर्चलाई बढाउने गरी योजना तथा कार्यक्रमहरु प्रताव गर्नुहुनेछ ।
- राष्ट्रिय औषत भन्दा पछाडि परेको क्षेत्रमा लगानी वढाउने गरी योजना तथा कार्यक्रमहरु प्रताव गर्नुहुनेछ ।
- दिर्घकालमा प्रदेशको आफ्नै स्वतन्त्र र स्वचालित अर्थतन्त्र निर्माणका लागि मद्दत पुग्ने गरि पूँजी निर्माण (Capital formation) हुने क्षेत्रमा वजेट लक्षित गर्नुहुनेछ।
- बैदेशिक रोजगारीका कारण प्राप्त आय, सीप,अनुभवलाई उच्चतम उपयोग गर्ने गरि कार्यक्रम तय गर्ने खालका योजना तथा कार्यक्रमहरु प्रताव गर्नुहुनेछ ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकाम: बुटवल

- निजी क्षेत्रले समाजिक सुरक्षाको नाममा गर्ने खर्चलाई पनि उत्पादनको क्षेत्रमा लगानी गर्न CSR to CSR को रणनीति निर्माण गर्ने र यसको लेखांकन गर्ने कार्यक्रम तय गर्नुहुनेछ ।
- ग्रामिण, हिमाली तथा पहाडी क्षेत्रवाट वढदो संख्यामा बसाई– सराई भईरहेको छ। यसको सही कारण पहिचान गरी त्यस्था ठाँउहरुमा सहरी सुविधा पुर्याई वसाई सराई कम गर्ने कार्यक्रमहरुलाई विशेष महत्वकासाथ लागु गर्नुहुनेछ ।
- पहाडी क्षेत्रमा कृषि, पर्यटन र जलस्रोतको एकिकृत विकासका कार्यक्रम सञ्चालन गरेर वसाई- सराई कम गर्न सकिने हुन्छ यसतर्फ ध्यान दिनुहुनेछ ।
- पेट्रोलियम पदार्थको बढ्दो उपयोगलाई कम गर्ने योजनामा लगानी केन्द्रित गर्ने, सार्वजनिक यातायातलाई सर्वसुलभ-वातावरण मैत्रि वनाउन विद्युतीय परिवहनको प्रयोगलाई प्रोत्साहने गर्ने कार्यक्रमहरु निर्माण गर्नुहुनेछ।
- कम लागतमा गुणस्तरिय शिक्षा र स्वास्थ्य सुविधा प्रसिको सुनिश्चितताका लागि कार्यक्रम तय गर्नुहुनेछ।
- प्रदेशभित्र सञ्चालित सामुदायिक क्याम्पसहरुको आन्तरिक आय वढाउने र प्रदेशका शैक्षिक संस्थाहरुलाई प्रदेशको आवश्यकताका आधारमा व्यवसायिक शिक्षा प्रदान गर्नसक्ने गरि क्षमता बृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुहुनेछ।
- यूवाहरुलाई देश भित्र र विदेशमा पनि रोजगारीको सुनिश्चितताका लागि व्यवसायिक सीप उपलव्ध गराउन जरुरि छ यसकालागि प्रदेशले Skill Academy खडागरि सवै पालिकाहरुमा स्थानीय मागका आधारमा कम्तिमा एक पालिकामा १०० युवालाई व्यवसायिक सीप प्रदान गर्ने कार्यक्रम तय गर्नुहुनेछ।
- लुम्बिनी-मुक्तिनाथ (कालिगण्डकी कोरिडोर) क्षेत्रमा लुम्विनी र गण्डकी प्रदेश सरकार एवम् संघीय सरकारको संयुक्त लगानीमा बहुआयामिक पर्यटन पुर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्ने गरी योजना प्रस्तव गर्नुहुनेछ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मुकाम: बुटवल

- भूमिगतजलाको स्रोतलाई रिचर्ज गर्न पहाडका खोच, खोल्सि, खोलाहरु एवम, तराईका नदीहरुमा ड्याम निर्माण गर्ने कार्यक्रम प्रस्तावित गर्ने।
- आगामी आ.ब. का लागि पूँजिगत तर्फका नयाँ योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्दा २५ (पच्चिस) लाख भन्दा मुनिका योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुहुनेछैन ।
- सरकारी कार्यालयले सवारी साधन खरिद गर्दा विद्युतिय साधनहरुलाई प्राथमिकता दिने नीति लिनुहुनेछ ।